बैठक संख्या :- ६७
मिति :- ०७६/१२/०७ गते शुक्रबार
समय :- दिनको ३.०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी दुङ्गेल | वडाअध्यक्ष - १ |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडअध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री पुरुषोत्तम सुवेदी | सदस्य- सचिव |

**निर्णय नं. १ :-** विश्वव्यापी महामारीका रुपमा सक्रमित कोराना भाईरस ( COVID-19) रोकथाम गर्न पूर्व तयारीका लागि कमलामाई नगरपालिका क्षेत्र भित्र का लागि निम्न अनुसार गर्ने निर्णय गरियो ।

क) सवै वडा कार्यालय र स्वास्थ्य संस्थामा सावुन पानीले हात धुने व्यवस्था गर्ने र र स्यानिटाईजरको प्रयोग बढाउने ।
ख) सर्व साधारण नागरिकहरुमा कोराना सक्रमणवाट वच्नका लागि प्रारिम्भक उपायहरु अपनाउन जनचेतना वृद्धि गराउने ,माइकिङ्ग गर्ने ,रेडियोवाट प्रशारण गर्ने जस्ता कार्यहरु गर्ने ।
ग) विगतमा जिल्ला प्रशासन कार्यालयले प्रयोग गरेको नगरपालिकाको भवनलाई मर्मत तथा रंग रोगन गरी क्वारेन्टाईनका प्रयाग गर्न व्यवस्था गर्ने ।
घ) नगरक्षेत्र भित्रका सवै कार्यालयहरुमा पनि सावुन पानिले हात धुने व्यवस्था गर्ने र सोका लागि आवश्यक परेमा नगरपालिकाले पनि सहयोग गर्ने ।
ङ) वडा तहवाट पनि जनचेतना वढाउने तथा रसक्रमण फैलिन नदिनका लागि रोकथामका पूर्व अभ्यास कार्यक्रमहरु गर्ने ।
च) कोराना रोकथामका लागि आवश्यक सामाग्रीहरु जस्तै पि पि सेट ,ज्वरो नाप्ने थर्मामिटर ( गन), सेनिटाईजर ,मास्क ,पंजा, सावुन सक्रमण रोक्ने स्प्रे लगाएतका सामाग्रीहरु खरिद गर्नकालागि विपद व्यवावस्थापन शिर्षकमा विनियोजित रकमवाट आवश्यक रकम खर्च गर्ने ।
छ) वजार अनुगमन लाई तिव्रता दिने क्रितीम सामानहरुको अभाव फैलिन नदिन व्यापारी हरु संग समेत निरन्तर छलफल गर्ने
ज) माछा ,मासु पसलहरुमा कडाईका साथ निगरानी गर्ने

**निर्णय नं. २ :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४२ मा व्यवस्था भए अनुसार नक्सा पास गर्नु पर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति वेगर हेरफेर गरी वनाएको भवनको हकमा भवन निर्माण सम्वन्धी मापदण्ड वमोजिम नक्सा पास भएको अवस्थामा एक पटकको लागि घर नक्सा पास सम्वन्धी ३५ सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** 'घ' वर्गको ईजाजत प्रमाण पत्र को लागि ईजाजत जाँचवुझ समितिको सिफासि अनुसार निम्न अनुसार ईजाजत प्रमाण- पत्र दिने निर्णय गरियो ।
- अगम कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.ली क.न.पा.६ सिन्धुली
- जनसेवा कन्स्ट्रक्शन कमलामाई वडा नं. ९ (हाल क.न.पा.११) सिन्धुली
- के.एल. निर्माण सेवा प्रा.ली क.न.पा.५

**निर्णय नं. ४ :-** विश्वव्यापी रुपमा फैलिएको कोराना भाईरसको कारण यहि मिति २०७६ चैत्र १४ गते मनाईने भनिएको कमलामाई नगरपालिका स्थापना दिवस सम्वन्धी कार्य हाललाई स्थगीत गर्ने ।

**निर्णय नं. ५ :-** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम ,२०७६ विद्यालयवाट प्रस्तावना -पत्र पेश भए वमोजिम निम्न अनुसार विद्यालयहरुलाई सचिकृत गर्ने निर्णय गरियो ।

| सि.न | विद्यालयको नाम | माग गरिएको कार्यक्रम |
|---|---|---|
| १ | श्री गौमति माध्यमिक विद्यालय माढि वजार | स्मार्ट बोर्ड सहित ईन्टरनेट सेवा |
| २ | श्री कमला जनज्योति मावि सिलामे | विज्ञान तथा प्राविधिक प्रयोगशाला |
| ३ | श्री मावि गडौली खैरेनी | स्मार्ट बोर्ड र खेल मैदान मर्मत सम्भार |
| ४ | श्री मावि पानी टंयाकी | अधुरो रहेको भवन तथा कक्षा कोठा मर्मत |
| ५ | श्री कालिका माध्यमिक विद्यालय पल्लो रामपुर - ७ | हरित विद्यालय,वातावरण सुधार र रंगरोगन |
| ६ | श्री कमला आधारभुत विद्यालय तिनतले | विद्यालय ईन्टरनेट विस्तार हरित विद्यालय वाताबरण सुधार र खेल मैदान निर्माण |
| ७ | श्री आधारभुत विद्यालय धाक्लेडाँडा | अधुरो विद्यालय र ईन्टरनेट जडा |
| ८ | श्री कमला माध्यमिक विद्यालय ढुग्रेवास | अधुरो भवन निर्माण सम्पन्न गर्ने कार्य |
| ९ | श्री कमला मावि माईस्थान करकरे | छात्राहरुको लागि शौचालय निर्माण |
| १० | श्री जनता मावि चन्दनपुर | ईन्टरनेट सेवा स्मार्ट, बोर्ड व्यवस्थापन |
| ११ | श्री जनजागृति मावि भीमान | विज्ञान प्रयोगशाला निर्माण एवं व्यवस्थापन |
| १२ | श्री कुण्डेश्वर मावि वेसारेवसी | सूचना प्रयोगशाला |
| १३ | श्री चण्डेश्वरी मावि डाडी गुरासे | कम्प्यूटर तथा सूचना प्रविधि प्रयोगशाला |
| १४ | श्री जनज्योती मा.वि.फोस्रेटार | विषयगत ल्याव निर्माण |
| १५ | श्री वरुणदेवी मा.वि.दर्लामी खट्टार क.न.पा.४ | अंग्रजी गणित तथा प्राविधिक शिक्षा तर्फ प्रशिक्षकको उचित व्यवस्थापन |
| १६ | श्री प्रभात मा.वि.रानिवास | रंगरोगन र वाल उद्यान |